"हल्दीबारीको दृष्टि, कृषि र पर्यटन मार्फत समृद्धि"

# हल्दीबारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## जलथल, झापा, कोशी प्रदेश, नेपाल

प. सं. : ०८०/०८१

## नदीजन्य पदार्थ लिलाम बिक्री सम्बन्धि सूचना

### दोश्रो पटक प्रकाशित मिति २०८१/०१/१८

यस हल्दीबारी गाउँपालिका वडा नं २ र ३ मा रहेको देउनिया खोलाबाट अबैध रुपमा उठाई नदीको किनार आसपास थुपारेर राखिएको नदीजन्य पदार्थ गाउँपालिकाको निर्णय बमोजिम जे जस्तो अवस्थामा छ सोहि अवस्थामा लिलाम बिक्रि गर्नु पर्ने भएकोले निम्म सर्तहरुको अधिनमा रहि ईच्छुक फर्म कम्पनीले निर्धारित फारम खरिद गरि देहायको मिति र समय भित्र सिलबन्दी फारम यस गाँउपालिकामा पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | कामको बिवरण | स्थान | परिणाम (घ.मी.) | न्यूनतम कबोल अंक (भ्याट सहित) रु. | धरौटी रकम प्रतिशत | लिलाम बढाबढ फारम खरिद दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | देउनिया नदीको किनारमा घाटगढ्ढी गरि राखिएको नदिजन्य पदार्थ | १. गार्मेन्ट चोक देखि पाराखोपि जाने सडकमा पर्ने देउनिया नदीको दाया पट्टि<br>२. चिया फ्याक्ट्री क्षेउमा<br>३. सुकुम्बासी बस्ति घाट<br>४. किरात राई यायोखाको खेल मैदान आसपास | ६७७.०० | १,८१,७२९.२१ | कबोल अंकको ५% | रु. १००० |

शर्तहरु:

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) नगदै बुझाई नगदी रसिद साथ,फर्म दर्ता,मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र र आ.वि २०७९/८० को कर चुक्ता प्रमाण पत्र / कर बिवरण पेश गरेको कागजातको प्रमाणित प्रतिलिपी संलग्न राखी लिखित निवेदन दिई मिति २०८१/०२/०२ गते दिनको १२:०० बजे सम्म खरिद शाखाबाट लिलाम बढाबढ फारम खरिद गर्न सकिनेछ ।

२. यस कार्यालयबाट खरिद गरेको लिलाम बढाबढ फारम नियम अनुसार भरी सिलबन्दी गरी खामको विवरण,प्रस्तावदाताको नाम ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी २०८१/०२/०२ गते दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ ।दर्ता भएका फारम सोहि दिनको २:०० बजे प्रस्तावदाता स्वंयम वा निजको प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । प्रस्तावदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि फारम खोल्ने कार्य गर्न बाधा पर्ने छैन ।

२०८१/१/१६

मान ब. वन (महेन्द्र)
प्रमुख प्रशासकीय अधिकृत

www.haldibarimun.gov.np
haldibariruralmunicipality123@gmail.com

Scanned with CamScanner

प. सं. : ०८०/०८१

३. सिलबन्दी फारमको साथमा हुन आउने तपसिलमा उल्लेखित जमानत बापतको रकम यस कार्यालयको नाममा रहेको सिटिजन्स ईन्टरनेसनल बैंक शाखा कार्यालय हल्दीबारीको धरौटी खाता ०६३०१०००००१७२०१ मा नगत जम्मा गरेको सकलै बैंक भौचर

४. सिलबन्दी फारम शर्त रहित, दररेट सच्याउनु पर्ने भएमा सच्याईएको ठाँउमा दस्तखत भएको हुनु पर्नेछ ।समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त बिपरित भएको प्रस्ताव माथी कुनै कार्वाही हुने छैन।

५. लिलाम बढाबढ गर्दा न्यूनतम अंकबाट बढाबढ गरी सबै भन्दा बढि कबोल गर्नेको प्रस्ताव स्वीकृत गरिनेछ ।स्वीकृत कबोल अंकको ५० प्रतिशत रकम तत्काल कार्यालयमा जम्मा गर्नु पर्ने छ र बाँकी ५० प्रतिशत रकम २ दिन भित्र जम्मा गर्नु पर्ने छ ।

६. नेपाल सरकारलाई तिर्न बुझाउनु पर्ने सबै प्रकारको करहरु र स्थानिय स्तरमा तिर्नु पर्ने सबै प्रकारका करहरु दररेटमा समाबेस भएको मानिनेछ ।

७. सिलवन्दी फारमको कागजात, स्पेसिफिकेसन, परिमाण सूचना आदिमा (भाषागत समेत) त्रुटि भएमा वा विषय प्रसंगले अर्को अर्थ लागेमा कार्यलयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन ।

८. प्राप्त सिलबन्दी फारम स्वीकृत गर्ने वा नगर्ने आंशिक रुपमा मात्र स्वीकृत गर्न सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

९. यसमा उल्लेख नभएको व्यहोराको हकमा हल्दीवारी गाँउपालिकाको आय ठेक्का बन्दोवस्त गर्ने नियमावली र प्रचलित ऐन नियमानुसार हुनेछ ।

२०८१/०१/16

......................

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner